'उज्यालो नेपालको संवाहक'
# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

ने.वि.प्रा.०८०/८१ च.नं.:१०८२

मितिः २०८०।१२।१२

श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा.।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री इन्जीनियरिङ्ग सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशासन निर्देशनालय, ने.वि.प्रा.।
श्री अर्थ निर्देशनालय, ने.वि.प्रा। ।
श्री योजना, अनुगमन तथा सुचना प्रविधि निर्देशनालय, ने.वि.प्रा.।
श्री आयोजना व्यबस्थापन निर्देशनालय, ने.वि.प्रा.।
श्री सहायक कंपनि अनुगमन निर्देशनालय, ने.वि.प्रा.।

**विषयः सवारी साधनहरुको ब्यवस्थापन सम्बन्धमा ।**

**त्यस निर्देशनालय र अन्तर्गतका कार्यालयहरुमा संचालनमा रहेका सवारी साधनहरुको प्रभावकारी रुपमा संचालन तथा ब्यवस्थापन गर्न देहाय बमोजिम गर्नु/ गराउनु हुनेछः**

१) ने.वि.प्रा.का चालु अबस्थाका चारपांग्रे सवारी साधनहरुमा अनिवार्य रुपमा GPS जडान गरी जानकारी गराउन यस अघि विभिन्न मितिमा निर्देशन दिइएको भएतापनि हालसम्म सोको पूर्ण रुपले कार्यान्वयन भएको नपाइएकोले यथाशिघ्र कार्यान्वयन गरी सोको जानकारी सामान्य सेवा विभागलाई गराउने अन्यथा कार्यान्वयनको जिम्मेवारी पाएको पदाधिकारीको तलब भत्ता रोक्का हुनेछ ।

२) सवारी साधनहरुको विवरण Vehicle Management Software मा प्रविष्टि गरी सो सवारी साधनको विद्यमान अबस्था समेत (चालु, विग्रिएको तथा लिलाम योग्य ) स्पष्ट उल्लेख गर्ने ।

३) निर्देशनालय, विभाग र अन्तर्गत रहेका सवारी साधनहरुले आआफ्नै कार्यालयबाट मात्र तोकिए बमोजिम इन्धन दिने/लिने । उक्त कार्यालय बाहेक प्राधिकरणका अन्य कार्यालय/आयोजनाहरुबाट सवारी साधनमा इन्धन उपलब्ध नगराउने । इन्धन उपलब्ध गराउनै पर्ने विशेष अबस्था परेमा सामान्य सेवा विभाग र सम्बन्धित बजेट केन्द्रलाई इन्धन कुपनको प्रतिलिपि सहित संलग्न गरी जानकारी गराउने । उपरोक्त बजेट केन्द्रले बाहिरी कार्यालयबाट दिइएको इन्धनको रेकर्ड राखि सम्बन्धित सवारी साधनको लगबुकमा समेत इन्धन उपलब्ध गराउने बजेट केन्द्रको नाम उल्लेख गर्न लगाउने । बिना जानकारी उपलब्ध गराइएको इन्धन खर्च बेरुजु कायम गर्ने ।

४) निर्देशनालय र अन्तर्गतका कार्यालयहरुमा रहेका सम्पूर्ण सवारी साधनहरुको नियमित नविकरण गर्ने एवं लिलाम योग्य सवारी साधनहरुको विवरण तयार गरी सम्बन्धित निर्देशनालयले लिलाम प्रक्रिया अगाडि बढाउने ।

..................
कुलमान घिसिङ
(कार्यकारी निर्देशक)

<u>बोधार्थ एवं कार्यार्थ</u> : श्री आन्तरिक लेखा परिक्षण विभाग
*(लेखा परिक्षणको क्रममा उल्लेखित विषयहरुको समेत परिक्षण गरि प्रतिवेदन गर्ने)*

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२ फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np